नेपाल सरकार

संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

**(संघीय मामिला शाखा )**

प.सं.२०७७/७८
च.नं. ०६

सिंहदरबार, काठमान्डौ ।

मिति :२०७७/०४/२१

श्री स्थानीय तहहरु सबै ।

**विषयः अधारभूत स्वास्थ्य सेवा निर्माण तथा सञ्चालन सम्वन्धमा।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २४ मिति २०७७/०४/१३ गतेको पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न छ । सो अनुसार गर्नु, गराउनुहुन निर्णयानुसार अनुरोध छ।

( भेषराज खनाल )
शाखा अधिकृत

वोधार्थः

१.श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार काठमाण्डौं ।

२.श्री सूचना प्रविधि शाखा, वेवसाइटमा पत्र अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति तथा योजना शाखा

रामशाहपथ, काठमाडौं
नेपाल

पत्र संख्याः १ (यो) २०७७।७८
च.नं. २८

मितिः२०७७।०४।१३

विषयः आधारभूत स्वास्थ्य सेवा निर्माण तथा सञ्चालन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७५।७६ को बजेट वक्तव्यको बुँदा नं. ३१ मा "स्थानीय तहसंगको लागत सहभागितामा आगामी २ बर्ष भित्र सबै वडाहरूमा न्यूनतम १ स्वास्थ्य संस्था स्थापना गरिनेछ" भन्ने भए बमोजम आ.व. २०७५।७६ र आ.व. २०७६।७७ मा पठाईएको रकमको प्रमाणित कागजात सहितको प्रगति विवरण (भौतिक तथा वितीय) मिति २०७७ भाद्र १५ गते भित्र अनिवार्य रूपमा यस मन्त्रालयमा उपलव्ध गराई दिने व्यवस्थाका लागि तहाँ मन्त्रालयको website मा संलग्न पत्र अपलोड गरि सबै स्थानीय तहलाई पत्राचार गरि एवं आवश्यक समन्वय गरि दिनु हुन यस मन्त्रालय (सचिवस्तर) मिति १०७७।०४।१२ को निर्णयानुसार अनुरोध गर्दछु ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

Email:mohp.planning@gmail.com

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति तथा योजना शाखा

पत्र संख्याः १ (यो) २०७७।७८
च.नं. २४

रामशाहपथ, काठमाडौं
नेपाल

मितिः२०७६।०४।१३

विषयःआधारभूत स्वास्थ्य सेवा निर्माण तथा सञ्चालन सम्बन्धमा ।

श्री स्थानीय तह,
७५३ सबै ।

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा "स्थानीय तहसंगको लागत सहभागितामा आगामी २ बर्ष भित्र सबै वडाहरूमा न्यूनतम १ स्वास्थ्य संस्था स्थापना गरिनेछ" भन्ने भए बमोजम आ.ब.२०७५।७६ मा १२०० वडाहरू र आ.ब.२०७६।७७ मा १४२६ वडाहरु गरि जम्मा २६२६ वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्न सम्बन्धित सबै स्थानीय तहहरुलाई अर्थ मन्त्रालय मार्फत सशर्त अनुदान वित्तीय हस्तान्तरण गरि पठाईएको व्यहोरा अवगत नै छ ।

यसका सम्बन्धमा स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्वन्धि कार्यविधि, २०७५ (प्रथम संशोधन,२०७६) को दफा ४ को उपदफा ५ बमोजिम प्रगतिका आधारमा वाँकी रकम वित्तीय हस्तान्तरण गरि उपलव्ध गराउन आ.व. २०७५।७६ र आ.व. २०७६।७७ मा सशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण गरि पठाईएको रकमको प्रमाणित कागजात सहितको प्रगति विवरण (भौतिक तथा वित्तीय) मिति २०७७ भाद्र १५ गते सम्म अनिवार्य रूपमा यस मन्त्रालयमा उपलव्ध गराई दिनु हुन यस मन्त्रालय (सचिवस्तर) मिति १०७७।०४।१२ को निर्णयानुसार अनुरोध गर्दछु ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

Email:mohp.planning@gmail.com